बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड १०　　　संख्या　१　　　मिति २०८३ साउन १,शुक्रवार

प्रमाणिकण मिति २०८३ असार १५ गते

भाग:१

बडीमालिका नगरपालिकाको मिति २०८३/०३/१० गते नगर सभाबाट स्वीकृत भएको

# आर्थिक ऐन, २०८३

सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,

लोकराज जोशी

प्रमुख प्रशासकीय अधिकृत

# बडीमालिका नगरपालिका
# आर्थिक ऐन २०८३

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०८३/०३/१० |
| प्रमाणीकरण मिति | २०८३/०३ /१५ |

## आर्थिक वर्ष २०८३ को ऐन संख्याः१ (एक)

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी ,बाजुरा
सुदुरपश्चिम प्रदेश ,नेपाल

**स्थानीय सरकार सञ्चालन र ऐन २०७४ को दफा १०२ को उपदफा - १ र नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बडिमलिका नगरपालिकाको नगर सभाले यो आर्थिक ऐन, २०८३ बनाएको छ।**

**प्रस्तावनाः**

बडीमालिका नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर तथा गैरकर राजस्व संकलन गर्न, कर छूट दिन तथा आय संकलनको लागि आवश्यक व्यवस्थापन गर्न वाच्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले प्रदान गरेको अधिकार प्रयोग गरी बडीमालिका नगरपालिका, नगर सभाले यो ऐन बनाएको छ।

**१** **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम **"बडीमालिका नगरपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ।

२ यो ऐन २०८३ श्रावण १ गते देखि बडीमालिका नगरपालिका नगर क्षेत्रभित्र लागु हुनेछ। करका क्षेत्राधिकार नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ ले मार्गदर्शन गरे वमोजिम निम्नानुसार हुनेछन्।

**३.** **कर छुटः** तोकीए बमोजिम बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

**४** **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोकेबमोजिम हुनेछ।

**५** चालु आ.व मा यस पहिले संकलन गरी आएको कर दस्तुर यसै ऐन बमोजिम संकलन भएको मानिनेछ। अनुसूचीमा उल्लेख भएको दरको हकमा साविक कायम रहेको करको दर कायम हुनेछ। साविकमा समेत उल्लेख नभएको भएमा कर तथा दस्तुर तोकी कायम गरि लागु गरिनेछ।

**परिभाषा**

**(१)** **सम्पति करः** नगरपालिका क्षेत्रभित्र अनुसूची -१) मा उल्लेख भए बमोजिम सम्पत्ति कर घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ।

(२) **भूमि कर (मालपोत)** नगरपालिका क्षेत्रभित्र अनुसूची २ मा उल्लेख भएबमोजिम भुमी कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

**(३)** **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आँशिक तवरले बहालमा दिएमा अनुसूची **१४** मा उल्लेख भए बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

(४) **व्यवसाय करः**नगरपालिका क्षेत्रभित्र व्यापार व्यववसाय वा सेवा, होटल, रेस्टुरेन्ट तथा रिसोर्टमा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ।

(५) जलस्रोत उपयोग कर :नगरपालिका भित्रको भूसतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायकका आधारमा अनुसूचि ५ मा उल्लेख भए बमोजिम कर लगाइने र असुल गरिनेछ।

**(६) सामुदायिक बन, जडिबुटी कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्रका सामुदायिक बन र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी ,वनकस, कवाडी मालसामान,हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको कानून बमोजिम व्यवसायिक कारोवार गरेवाफत अनुसूची ६ मा उल्लेख भएबमोजिम कर लगाइने र असुल उपर गरिने छ।

(७) **सवारी साधन कर** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ७ मा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ। तर प्रदेश कानून स्विकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

(८) **विज्ञापन कर** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ८ मा उल्लेख भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्विकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

(९) **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची ९ मा उल्लेख भए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

(१०) **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचलान गरेका अनुसूची **१०** मा उल्लेख भएअनुसार हाटबजार वा पसलमा सोहि अनुसूचीमा उल्लेख भएको व्यवस्था बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

(११) **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वाफत अनुसूची **११** मा उल्लेख भए बमोजिम पार्किङ शुल्क लगाइने र असुल गरिनेछ।

(१२) **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची **१२** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

(१३) **फोहोरमैला तथा सरसफाइ व्यवस्थापन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला तथा सरसफाइ व्यवस्थापन गरेवापत अनुसूची १३ मा उल्लेखित दरमा फोहोरमैला तथा सरसफाइ शुल्क लगाइ असुल गरिनेछ।

(१४) **सेवा शुल्क दस्तुरः** नगरपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनुसूची **१४** मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचीमा व्यवस्था भए अनुसार सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ।

(१५) कर र शुल्क नवुझाउनलाइ जरिवाना गरिने छ सो अनुसुची १४ मा उल्लेखित जरिवाना लिइने छ।

## अनुसूची १
### (दफा १ संग सम्बन्धित)
### सम्पत्ति कर

| क्र स | विवरण | इकाई (प्रति वर्ग मिटर पैसामा) |
|---|---|---|
| १ | मार्तडी बजार क्षेत्रका मुल सडकले छोएको जग्गा :<br>कारागार देखि खुल्ला मञ्च, वाजुरा क्याम्पस, मालिका मावि, जिल्ला अस्पताल सम्म | 0.40 |
| २ | मार्तडी बजार क्षेत्रका भित्री सडक वा भित्रपट्टीका जग्गा | 0.25 |
| ३ | नगर क्षेत्रमा जोडिएका अन्य पक्कि सडकहरु | 0.20 |

## अनुसूची २
### (दफा २ संग सम्बन्धित)
### भुमि कर

| क्र स | विवरण | इकाई (प्रति वर्ग मिटर पैसामा) |
|---|---|---|
| १ | अव्वल जग्गा | 0.045 |
| २ | दोयम जग्गा | 0.040 |
| ३ | सिम जग्गा | 0.035 |
| ४ | चाहार जग्गा | 0.030 |
| ५ | पाखो जग्गा | 0.015 |
| चालु आर्थिक वर्षभित्र मालपोत नतिरेमा आगामी वर्षको साविकको दर मा १० प्रतिशत हर्जना लाग्नेछ | | |

## अनुसूची ३
### (दफा २ संग सम्बन्धित)
### मालपोत दस्तुर

| क्र स | विवरण | इकाई (प्रति वर्ग मिटर पैसामा) | |
|---|---|---|---|
| १ | १ लाख भन्दा कम मूल्याङ्कन | 0.050 | 50 |
| २ | ५ लाख सम्म | 0.05001 | 250 |
| ३ | १० लाख सम्म | 0.05002 | 500 |
| ४ | २० लाख सम्म | 0.05003 | 1,001 |
| ५ | ३० लाख सम्म | 0.05004 | 1,501 |
| ६ | ४० लाख सम्म | 0.05005 | 2,002 |
| ७ | ५० लाख सम्म | 0.05006 | 2,503 |
| ८ | ६० लाख सम्म | 0.05007 | 3,004 |
| ९ | ७० लाख सम्म | 0.05008 | 3,506 |
| १० | ८० लाख सम्म | 0.05009 | 4,007 |
| ११ | ९० लाख सम्म | 0.05010 | 4,509 |
| १२ | १ करोड सम्म | 0.05011 | 5,011 |
| १३ | २ करोड सम्म | 0.05013 | 10,026 |
| १४ | ३ करोड | 0.05015 | 15,045 |

| | | | |
|---|---|---|---|
| १५ | ४ करोड सम्म | 0.05017 | 20,068 |
| १६ | ५ करोड सम्म | 0.05019 | 25,095 |
| १७ | १० करोड सम्म | 0.05029 | 50,290 |
| १८ | १५ करोड सम्म | 0.05039 | 75,585 |
| १ | १५ करोड भन्दा माथि | 0.0545 | 81,750 |
| १ | १ लाख भन्दा कम मूल्याङ्कन | 0.050 | 50 |
| २ | ५ लाख सम्म | 0.05001 | 250 |
| ३ | १० लाख सम्म | 0.05002 | 500 |
| ४ | २० लाख सम्म | 0.05003 | 1,001 |
| ५ | ३० लाख सम्म | 0.05004 | 1,501 |
| ६ | ४० लाख सम्म | 0.05005 | 2,002 |
| ७ | ५० लाख सम्म | 0.05006 | 2,503 |
| ८ | ६० लाख सम्म | 0.05007 | 3,004 |
| ९ | ७० लाख सम्म | 0.05008 | 3,506 |
| १० | ८० लाख सम्म | 0.05009 | 4,007 |
| ११ | ९० लाख सम्म | 0.05010 | 4,509 |
| १२ | १ करोड सम्म | 0.05011 | 5,011 |
| १३ | २ करोड सम्म | 0.05013 | 10,026 |
| १४ | ३ करोड | 0.05015 | 15,045 |
| १५ | ४ करोड सम्म | 0.05017 | 20,068 |
| १६ | ५ करोड सम्म | 0.05019 | 25,095 |
| १७ | १० करोड सम्म | 0.05029 | 50,290 |
| १८ | १५ करोड सम्म | 0.05039 | 75,585 |
| १९ | १५ करोड भन्दा माथि | 0.0545 | 81,750 |
| सम्पत्ति कर (सम्पत्तिको मुल्यांङ्कन प्रतिवेदन प्राप्त पश्चात लागु हुने गरी) | | | |

**अनुसूची ४**
**(दफा ४ संग सम्वन्धित)**
**व्यवसाय कर**

**क. ब्यापारिक वस्तु**

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा थोक तथा डिलर | | १५,००० | |
| २ | सुर्तिजन्य पदार्थ (थोक तथा डिलर) | | १०००० | |
| ३ | मदिरा (खुद्रा पसल) वडा नं. ८ र ९ को बजार क्षेत्र | | ५००० | |
| ४ | मदिरा (खुद्रा पसल) वडा नं. १ देखि ७ को बजार क्षेत्र | | ३५०० | |
| ५ | पान पसल | | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | पुजा सामाग्री | | १००० | |
| ७ | पूजा सामाग्री पसल धातुका वस्तु समेत बिक्रि हुने | | १५०० | |
| ८ | ज्वेलरी (जेम्स) हिरामोति,सुन चाँदी र पत्थरका सामाग्री खुद्रा पसल(२०० वर्ग फिट सम्म) | | २५०० | |
| ९ | ज्वेलरी (जेम्स) हिरामोति,सुन चाँदी र पत्थरका सामाग्री खुद्रा पसल(२०० वर्ग फिट भन्दा बढी) | | ३००० | |
| १० | प्लेटेड गहना (खुद्रा पसल) | | २००० | |
| ११ | फुलमाला सजावट पसल | | १००० | |
| १२ | कम्प्युटर,मोबाइल,घडी,फ्रिज,फोटोकपी,वासिंङ मेसिनजस्ता इलेक्टेनिकल सामान बिक्रि पसल | खुद्रा ठुला | २००० | |
| १३ | कम्प्युटर,मोबाइल,घडी,फ्रिज,फोटोकपी,वासिंङ मेसिनजस्ता इलेक्टेनिकल सामान बिक्रि पसल | खुद्रा साना | १५०० | |
| १४ | फोटो स्टुडियो | | २००० | |
| १५ | फर्निचर तथा फर्निसिङ पसल | | २५०० | |
| १६ | वेल्डिङ र ग्रील पसल | | ५००० | |
| १७ | ट्रस,आल्मोनियम फ्रेम आदि बनाउने पसल | | ६००० | |
| १८ | मिनि मार्ट | | ५००० | |
| १९ | तयारी सामान पसल थोक बिक्रेता | कपडा,जुत्ता,फेन्सी आदि | ३५०० | |
| २० | स्टिल रड, एङ्गल, पाइप, पत्ता, सिमेन्ट, जस्ता पाता हार्डवेयर पसल तथा प्लाइउड, ताला, छेस्किन, चकुलु, जाली, किलाकाँटा, रंङरोगन, एल्म्युनियम, प्लास्टिकका सबै खालको (Construction materials) खुद्रा बिक्रि (१५० व.फि. सम्म) | | ६००० | |
| २१ | स्टिल रड, एङ्गल, पाइप, पत्ता, सिमेन्ट, जस्ता पाता हार्डवेयर पसल तथा प्लाइउड, ताला, छेस्किन, चुकुलु, जाली, किलाकाँटा, रंङरोगन, एल्म्युनियम, प्लास्टिकका सबै खालको (Constrution materials) खुद्रा बिक्रि (१५० व.फि. भन्दा बढी) | | ८००० | |

| | | | | |
|---|---|---|---|---|
| २२ | निर्माण सामग्री (इटा, बालुवा, रोडा, बिक्री डिपो) | प्रति आना | १५०० | |
| २३ | निर्माण सामग्री (इटा, बालुवा, रोडा) बिक्री सम्पर्क कार्यालय | स्टक नराखेको | ३००० | |
| २४ | बिजुलीका तार तथा सामान (Electrical Fixtures) बिक्रि गर्ने थोक पसल | | ४००० | |
| २५ | बिजुलीका तार तथा सामान (Electrical Fixtures) बिक्रि गर्ने खुद्रा पसल | | २००० | |
| २६ | सवारी साधनको पाटपुर्जा, टायरट्यूब हेल्मेट आदि खुद्रा बिकी (५०० व.फि. सम्म) | | ३००० | |
| २७ | पेट्रोल/डिजल पम्प | प्रति डिस्पेन्सर | १०००० | |
| २८ | श्रृङ्गार पसल (कस्मेटिक) | | २००० | |
| २९ | किराना पसल खुद्रा साना मार्तडी बजार क्षेत्र भित्र | | १००० | |
| ३० | किराना पसल खुद्रा साना मार्तडी बजार क्षेत्र भन्दा बाहिर | | ८०० | |
| ३१ | पुस्तक, स्टेसनरी सामान तथा पत्रपत्रिका | | २००० | |
| ३२ | माथि उल्लखित बाहेकका खुद्रा पसल तथा विक्रेता | | २५०० | |

ख) विशेषज्ञ परामर्श सेवा

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | स्वदेशी अनुसन्धान तथा परामर्शदाता (कन्सल्ट्यान्सी) २५ लाखसम्मको पुँजी भएको | | ३००० | |
| २ | अनुसन्धानकर्ता तथा परामर्शदाता सल्लाहकार ब्यक्ति | | ३००० | |
| ३ | अन्तराष्ट्रिय गैरसरकारी ससंथा दर्ता तथा नवीकरण | | १०००० | |
| ४ | स्वदेशी गैरसरकारी ससंथा दर्ता तथा नवीकरण | २ करोड भन्दा माथि | ५००० | |
| ५ | स्वदेशी गैरसरकारी सस्था दर्ता तथा नवीकरण | १ करोड देखि १ करोड ९९ लाख ९९ हजार ९९ सम्म | ४००० | |
| ६ | स्वदेशी गैरसरकारी सस्था दर्ता तथा नवीकरण | ५० लाख देखि १ करोड भन्दा कम | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | स्वदेशी गैरसरकारी सस्था दर्ता तथा नवीकरण | ५० लाख भन्दा कम | २००० | |
| ८ | ज्योतिष परामर्श सेवा | | १००० | |
| ९ | चिकित्सकको क्लिनिक | | ५००० | |
| १० | वैदेशिक रोजगार परामर्श सेवा | | ५००० | |
| ११ | वैदेशिक शिक्षा परामर्श सेवा | | ३००० | |
| १२ | अन्य परामर्श सेवा | | २००० | |
| १३ | कानुन व्यवसायीको ल फर्म, अनुवादक/नोटरी पब्लिक | | ३००० | |
| १४ | लेखापढी फर्म | | २००० | |
| १५ | लेखापरीक्षकको फर्म (क वर्ग) | | २०००० | |
| १६ | लेखापरीक्षकको फर्म (ख वर्ग) | | १५००० | |
| १७ | लेखापरीक्षकको फर्म (ग वर्ग) | | १०००० | |
| १८ | लेखापरीक्षकको फर्म (घ वर्ग) | | ५००० | |
| १९ | बीमा एजेन्ट | | ५०० | |
| २० | सर्भेयर फर्म | | ३००० | |
| २१ | कृषि परामर्श सेवा | | १००० | |
| २२ | ग्रामीण पशुसेवा कार्यकर्ता प्रमाणपत्र नविकरण | | १००० | |

ग) उत्पादनमुलक व्यवसाय तथा उद्योग

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | मिनरल वाटर उद्योग | | ५००० | |
| २ | बिस्कुट, पाउरोटी, केक घरेलु उद्योग | | २००० | |
| ३ | डेरी उद्योग (नन प्याकेज्ड) | | २००० | |
| ४ | कुटानी पिसानी मिल (मसलाहरूसमेत) | | २००० | |
| ५ | जुत्ता, चप्पल उद्योग घरेलु | | २००० | |
| ६ | कापर्टे, गार्मेन्ट, पस्मिना उद्योग | | ५००० | |
| ७ | कापी तथा स्क्रिनप्रिन्ट उद्योग (३ किलोवाट सम्म) | | २००० | |
| ८ | सिरक, डसना, कुसन बनाउने | | ३००० | |
| ९ | कङ्क्रिट उ्द्योग (ब्लक,रिङ बनाउने) | प्रति वर्गमिटर | २०० | |
| १० | जलविद्युत कम्पनीको कार्यालय | | १०००० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | विद्युत व्यापारसम्बन्धी कार्य गर्ने व्यवसाय | | ३००० | |
| १२ | सबै प्रकारका फर्निचर उद्योग (३ किलोवाटसम्म) | | २००० | |
| १३ | बेत बाँस फर्निचर उद्योग | | २००० | |
| १४ | नेपाली कागज तथा हाते कागज उद्योग | | २००० | |
| १५ | छापाखाना उद्योग | | १५०० | |
| १६ | नेपाली जडिबुटी उद्योग | | २००० | |
| १७ | क्याफे, फास्ट फुड,रेष्टुरेन्ट साना (४००.ब.फी.सम्म) | | २००० | |
| १८ | मिठाइ पसल (२००ब.फि.सम्म) | | २००० | |
| १९ | **चिया पसल** | | | |
| २० | बनपा वडा नं ८ र ९ को बजार क्षेत्रभित्र | | ८०० | |
| २१ | बनपा वडा नं ८ र ९ को बजार क्षेत्रबाहिर र बनपा वडा नं १-७ मा संचालित | | ५०० | |
| २२ | **खाना,खाजा र चिया होटल** | | | |
| २३ | बनपा वडा नं ८ र ९को बजार क्षेत्रभित्र | | १५०० | |
| २४ | बनपा वडा नं ४ को तिपाडा, २ को भौनेरा, घटमुना, वडा नं १ पिनालेख, वडा नं ६ को जडाङ्गा विरेखोला, र वडा नं ७ को चुथी/ढम्कने/रजातोलीमा संचालित होटल वडा नं ८ बाउली र रापक | | १००० | |
| २५ | बनपा वडा नं १-७ का अन्य स्थापना संचालित होटल | | ५०० | |
| २६ | चल्ला उत्पादन गर्ने उद्योग (ह्याचरी उद्योग) | | ५००० | |
| २७ | साना घरेलु उद्योग (अचार,मस्यौरा, गुन्द्रुक लगायतका) | | १००० | |
| २८ | श्रव्यदृश्य निर्माण तथा वितरण | | १००० | |
| २९ | होजीयारी उद्योग | | २००० | |

घ) कृषि तथा खाद्यान्न

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | जनरल स्टोर मार्तडी क्षेत्र | | ३५०० | |
| २ | जनरल स्टोर मार्तडी क्षेत्र भन्दा बाहिर | | २००० | |
| ३ | किराना पसल खुद्रा मार्तडी बजार क्षेत्र भित्रका | | २००० | |
| ४ | किराना पसल खुद्रा मार्तडी बजार बाहिरको क्षेत्र | | १५०० | |
| ५ | मौरी पालन व्यवसाय | | ५०० | |
| ६ | कुखुराको चल्ला बिक्री | | २००० | |
| ७ | फलफल, जुस तथा तरकारी पसल खुद्रा | | १००० | |
| ८ | फलफूल र बिरुवा विक्रेता (नर्सरी) | | ५०० | |
| ९ | माछा/मासु अन्डा खुद्रा बिक्रेता | | २००० | |
| १० | तरकारी खेती, पशुपक्षी पालनलगायत अन्य | | ५०० | |
| ११ | कृषिजन्य कार्य गर्ने व्यवसाय तथा फर्म | | ३०० | |
| १२ | पेट सप (घरपालुवा पशुपक्षीको दाना/आहारा बिक्री) खुद्रा | | २००० | |
| १३ | आधुनिक पशु बधशाला | | निशुल्क | |
| १४ | एग्रो (तरकारीको बिउ बिजन खरिद–बिक्री गर्ने) मार्तडी बजार क्षेत्र भित्र | | २००० | |
| १५ | एग्रो (तरकारीको बिउ बिजन खरिद–बिक्री गर्ने) मार्तडी बजार क्षेत्र बाहिर | | १५०० | |

ङ) होटल, पर्यटन तथा मनोरञ्जन व्यवसाय

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| | होम स्टे/ | | ५०० | |
| | खर्क स्टे | | २०० | |
| १ | साधारण होटल खाना २ देखि ५ टेबल | | १५०० | |
| २ | साधारण होटल, लज,गेस्टहाउस ५ कोठा सम्म | | २००० | |
| ३ | साधारण होटल, लज,गेस्टहाउस ५ कोठा भन्दा बढी | | ५००० | |
| ४ | रेस्टुरेन्ट एन्ड बार | | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| | (डान्स,दोहोरीबाहेक) | | | |
| ५ | रेस्टु रेन्ट एन्ड बार (डान्स,दोहोरीसहित) | | ५००० | |
| ६ | ट्राभल र ट्रेकिङ एजेन्सी (२५लाखसम्म चुक्ता पुँजी) | | ५००० | |
| ७ | वैदेशिक रोजगार सम्पर्क व्यवसाय | | ५००० | |
| ८ | डान्स ट्रेनिङ सेन्टर | | २००० | |
| ९ | होस्टेल (५० जनासम्मको) | | ३००० | |
| १० | होस्टेल (५० जना भन्दा बढी | | ५००० | |

च) सञ्चार सेवा व्यवसाय

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | १००० सम्म ग्राहक भएको केवल टी.भी., डिसहोम टी.भी., इन्टरनेट सेवाको शाखा कार्यालय | | ५००० | |
| २ | टेलिकम, मोबाइल सेवा प्रदायक कम्पनी (शाखा) | | ५००० | |
| ३ | कुरियर सेवा (कार्य क्षेत्र देश भित्र) | | ३००० | |
| ४ | कुरियर सेवा (कार्य क्षेत्र देशबाहिरसमेत) | | ५००० | |
| ५ | एफ.एम. स्टेसन | | २००० | |
| ६ | अनलाइन सेवा बिजनेस | | १००० | |
| ७ | अनलाइन न्युज | | ५०० | |
| ८ | राष्ट्रिय पत्रिका | | १००० | |
| ९ | स्थानीय पत्रिका, अनलाइन खबर | | ५०० | |
| १० | छापाखाना ५० लाखसम्म पुँजी भएको | | ३००० | |

छ) वित्तिय  सेवा व्यवसाय

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैङ् क (शाखा कार्यालय) | | १०००० | |
| २ | विकास बैङ्क (शाखा कार्यालय) | | ८००० | |
| ३ | फाइनान्स कम्पनी (शाखा कार्यालय) | | ६००० | |
| ४ | लघुवित्त कम्पनी शाखा कार्यालय | | ५००० | |
| ५ | सहकारी संस्था | | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | महिला, उत्पादन,उपभोक्ता र श्रममा आधारीत सहकारी संस्था | | ५०० | |
| ७ | प्रदेश तथा संघ अन्तर्गतका सहकारी संस्थाको शाखा,सम्पर्क कार्यालय | | २००० | |
| ८ | बीमा कम्पनी (शाखा कार्यालय) | | ६००० | |
| ९ | आर्थिक कारोबार (शेयर कारोबार वा अन्य आर्थिक कारोबार) गर्ने इन्भेस्टमेन्ट कम्पनी | | ३००० | |
| १० | मनि ट्रान्सफर | | ३००० | |
| ११ | बैङ्क तथा वित्तीय संस्थाको ATM बुथ | | २००० | |

ज) स्वास्थ्य सेवा व्यवसाय

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | पोलिक्लिनिक, डाइग्नोस्टिक सेन्टर | | ८००० | |
| २ | डेन्टल क्लिनिक,आइक्लिनिक | | ८००० | |
| ३ | हेल्थ क्लब तथा व्यायामशाला, एरोबिक सेन्टर | | ३००० | |
| ४ | ल्याब | | ५००० | |
| ५ | साधारण क्लिनिक | | ५००० | |
| ६ | औषधीपसल, भेटनेरी औषधी, सर्जिकल इक्युपमेन्ट खुद्रा बिक्रेता | | ४००० | |
| ७ | भेटेनरी औषधी आयात व्यवसाय | | ५००० | |
| ८ | भेटेनरी र एग्रो व्यवसाय | | १५०० | |
| ९ | ध्यान तथा योग सिकाइ केन्द्र तथा जीमखाना | | ५०० | |

झ) शिक्षा तथा तालिम व्यवसाय

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक विद्यालय मन्टेश्वरीसमेत (५० जनासम्म विद्यार्थी भएको) | | २००० | |
| २ | आधारभुत तह विद्यालय (५०० जनासम्म विद्यार्थी भएको) | | ३००० | |
| ३ | माध्यमिक तह विद्यालय (५०० जनासम्म विद्यार्थी भएको) | | ४००० | |
| ४ | विश्वविद्यालयको सम्पर्क कार्यालय | | ५००० | |
| ५ | कलेज (१०० जनासम्म विद्यार्थी | | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| | भएको | | | |
| ६ | तालिम तथा अनुसन्धान केन्द | | ५००० | |
| ७ | ब्रिजकोर्स सञ्चालन केन्द्र | | ३००० | |
| ८ | कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र | | ३००० | |
| ९ | सिपमुलक तालिम केन्द्र घरेलु स्तरका | | ५००० | |
| १० | उच्च माध्यमिक तथा कलेजको विषय थप | | ३००० | |
| ११ | ट्युसन सेन्टर | | ३००० | |
| १२ | वैकल्पिक विद्यालय/अनौपचारिक शिक्षा कार्यक्रम | | ५००० | |

ञ) मर्मत सम्भार व्यवसाय

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | अटोमोबाइल कम्पनीको सर्भिसिङ सेन्टर (हेभी,भेइकल, ट्रक, लरी,बस, मिनीबस आदि) | | ८००० | |
| २ | लाइट भेइकल कार, भ्यान,जिप आदि सर्भिसिङ सेन्टर तथा मर्मत केन्द्र | | ६००० | |
| ३ | मोटरसाइकल मर्मत तथा सर्भिस सेन्टर | | ३५०० | |
| ४ | इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक सामान (रेडियो, टि.भी.,घडी, प्रेसर कुकर, हिटर, टेलिफोनसेट, कम्प्युटर आदि) सबै प्रकारको ममर्त केन्द्र,लेथमेसिन तथा साना यन्त्राशाला | | २००० | |
| ५ | वर्कसप (सानो) दुईपाङ्ग्रे | | २००० | |
| ६ | वर्कसप (सानो) चारपाङ्ग्रे | | ३००० | |
| ७ | घडी मर्मत पसल | | ५०० | |
| ८ | मोबाइल मर्मत पसल | | १००० | |
| ९ | इलेक्ट्रोनिक्स मर्मत | | ५०० | |
| १० | सोफा तथा गाडीको सिट कभर बनाउने तथा मर्मत गर्ने व्यवसाय | | २५०० | |
| ११ | अन्य विविध मर्मतसम्बन्धी व्यवसाय | | २५०० | |

ट) निर्माण व्यवसाय

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | शाखा कार्यालय (क वर्ग) | | ८००० | |
| २ | शाखाकार्यालय (ख वर्ग) | | ७००० | |
| ३ | शाखा कार्यालय (ग वर्ग) | | ६००० | |
| ४ | प्रधान कार्यालय (घ वर्ग) | | ५००० | |
| ५ | शाखा कार्यालय (घ वर्ग) | | २००० | |
| ६ | घ वर्गको निर्माण इजाजत शुल्क | | १०००० | |
| ७ | घ वर्गको निर्माण इजाजत नवीकरण (असोज मसान्तभित्र)<br>घ वर्गको निर्माण इजाजत नवीकरण (चैत्र मसान्तभित्र) | | ५०००<br>६००० | |
| ८ | घ वर्गको निर्माण इजाजत चैत्रमसान्त पछिको १ वर्षसम्म नविकरण नभएमा | | ७००० | |
| ९ | १ वर्ष भन्दा बढी अवधिको नविकरण नभएको हकमा प्रति वर्ष बुदा ८ को जरिवानामा थप २००० लिने | | | |
| १० | घ वर्गको इजाजत पत्र नामसारी/ठाउँसारी | | २००० | |
| ११ | निर्माण क्षेत्रमा श्रमिक उपलब्ध गराउने व्यवसाय | | ५०० | |

ठ) अन्य सेवा तथा व्यवसाय

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | विज्ञापन सेवा एजेन्सी | | २५०० | |
| २ | सेक्युरिटिज सर्भिस | | २५०० | |
| ३ | घरजग्गा खरिद बिक्री कारोबारको सम्पर्क कार्यालय | | ५००० | |
| ४ | ब्युटीपार्लर सानो (साधारण सेवा) | | १५०० | |
| ५ | ब्युटीपार्लर | | २००० | |
| ६ | सैलुन (साधारण सेवा) | | १००० | |
| ७ | सामान ढुवानीकर्ता ट्रान्सपोर्ट कम्पनीका शाखा कार्यालय | | ५००० | |
| ८ | मालवाहक तथा सार्वजनिक सवारी साधन सञ्चालन गर्ने कम्पनी (१० वटा सम्म सवारी साधन भएको) | | ७००० | |
| ९ | बस सेवा कम्पनी तथा टिकट काउन्टर | | ५००० | |
| १० | जिप काउन्टर | | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | फ्लेक्स, ब्यानर, पोस्टर इत्यादि प्रिन्टिङ हाउस | | ५००० | |
| १२ | फ्लेक्स, ब्यानर, पोस्टर इत्यादि प्रिन्टिङ गर्ने फर्म | | ३००० | |
| १३ | सटिङसुटिङ तथा टेलरिङ पसल | | २००० | |
| १४ | कवाडी व्यवसाय | | ५००० | |
| १५ | मोटरसाइकल/ड्राइभिङ सेन्टर | | ५००० | |
| १६ | लन्ड्री व्यवसाय | | ५०० | |
| १७ | डि.जे. लगायत साउन्ड सिस्टम भाडा | | १५०० | |
| १८ | व्यवसायको सम्पर्क कार्यालय (शाखा कार्यालयको एक करोड कारोबार भएको) | | ३००० | |
| १९ | आर्ट सेन्टर | | ३००० | |
| २० | इन्टरप्राइजेज तथा ईजाजत पत्र नलिएका घ वर्गका निर्माण व्यवसायी र सप्लायर्य तथा स्टोर | | ३५०० | |
| २१ | मिडीया हाउस | | २५०० | |
| २२ | एकनाले बन्दुक | | १५०० | |
| २३ | ब्यवसायका शाखा कार्यालय | | ५०० | |
| २४ | बाइक र मोटरका पाटपुर्जा | | ४००० | |
| २५ | फुटकर व्यबसाय | | | |
| २६ | खच्चर ढुवानी व्यवसाय प्रति गोटा | | ८० | |
| २७ | गधा ढुवानी व्यवसाय प्रति गोटा | | ४० | |
| २८ | नेटवर्क,सञ्जाल र अन्य नाफारहित समुह | | ५०० | |
| २९ | भाँडा बर्तन तथा मुर्ती बनाउने व्यापारी प्रतिदिन | | ३०० | |
| ३० | जादुसर्कस मनोरञ्जन देखाउने प्रति दिन | | ३०० | |
| ३१ | फुटपाथ व्यापारी प्रतिदिन | | ३० | |
| ३२ | उपभोक्ता समिती/समुहदर्ता/नविकरण | | | |
| | नगर स्तरिय | | २०० | |
| | वडा स्तरिय | | १०० | |
| | | | | |
| | टोल विकास संस्था | | ५० | |
| | जिम सेन्टर | | ३५०० | |
| | सवारी साधान ट्राइल सेन्टर | | ५००० | |
| | मनोरञ्जन सेन्टर (पुल हाउस,ब्याटमिन्टन कोर्ड,स्विमिङ पुल लगायतका) | | ५००० | |

**अनुसूची ५**

नियम १३ को उपनियम (२) नियम २५, २६ को उपदफा (२) र नियम ३५(२) सँग सम्बन्धित

| कर शिर्षक | ब्यवसायको प्रकृति | ब्याख्या | हालको दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | जलस्रोत उपयोगको अनुमति पत्र दस्तुर | | | |
| | १. खानेपानी र घरेलु उपयोग रु | | ५०० | |
| २. | २. सिचाई रु | | ५०० | |
| | ३. पशुपालन तथा माछापालन जस्ता कृषिजन्य उपयोग रु | | १००० | |
| | ४. घरेलु उद्योग, ओद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग रु | | २००० | |
| | ५. जल यातायात रु | | ५००० | |
| | ६. आमोद प्रमोदजन्य उपयोऊ रु | | ५००० | |
| | ७. अन्य उपयोग रु | | ५००० | |
| ३. | जलस्रोत उपयोग वापत बुझाउनु पर्ने बार्षिक शुल्क सिचाईको हकमा | | | |
| | क. दुई हजार हेक्टरसम्मको जमीन सिचाई गर्न अधिकतम रु | | १००० | |
| | ख. दुईहजार देखि पाँचहजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु | | २००० | |
| | ग. पाँचहजार देखि दश हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु | | ५००० | |
| | घ. दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु | | १०००० | |
| | ङ. पन्ध्र हजार देखि बीसहजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु | | १५००० | |
| | च. बीस हजार देखि पच्चीस हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु | | २०००० | |
| | छ. पच्चीस हजार हेक्टर भन्दा माथिको जमीन सिचाई गर्न रु | | २५००० | |
| ४. | जलस्रोत उपयोग वापत बुझाउनुपर्ने बार्षिक शुल्क खानेपानीको हकमा | | | |
| | क. एक सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु | | ५०० | |
| | ख. दुईसय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु | | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | ग. तीन सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु | | १५०० | |
| | घ. पाँच सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु | | २००० | |
| | ङ. पाँच सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु | | २५०० | |
| | च. एक हजार सम्म जानसंख्यालाई खानेपानी व्यवस्था गर्न रु | | ३००० | |
| | कृषिजन्य उपभोगका लागि रु २००० ।- देखि २० हजार सम्म पानि प्रयोगको परिमाणको आधारमा । | | | |
| | घरेलु उद्योगको लागि रु २०००।– देखि रु २० हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा | | | |
| | औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु ५०००।–देखि रु ५० हजार सम पानी प्रयोगको परिमाणको आधारमा | | | |
| | अमोद प्रमोदजन्य प्रयोगका लागि रु १०००।– देखि रु १० हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा | | | |
| | जल विद्युतकव लागि रु ५ हजार देखि रु १० हजार सम्म बार्षिक कारोबारका आधारमा | | | |

१. महिला मात्र व्यवसायी भई यस आर्थिक वर्षदेखि दर्ता हुंने नयाँ व्यवसायहरूमा लाग्ने व्यवसाय करमा २५ (पच्चिस) प्रतिशत छुट हुने छ ।
२.परीवारको सदस्य वा आफै सरकारी तथा गैरसरकारी कार्यालयमा काम गर्ने बाहेक एकल महिला,दलित,अपांग, सञ्चालित व्यवसायमा ५० प्रतिशत कर छुट हुने छ ।
३. विदेशमा श्रम गरेर फर्किएका युवाहरुले लगानी गरी कम्तिमा ५ जनालाई रोजगार दिने गरी स्थापना भएका उद्योग,व्यवसाय सतप्रतिसत करमा छुट गरिने छ ।
४.रैथाने वालि सम्बन्धित उद्योग व्यवसायको दर्ता तथा करमा ५० प्रतिसत छुट गरिनेछ ।
५. यस अनुसूचीमा उल्लेख नभएका व्यवसायहरूको करको हकमा राजस्व समितिको सिफारिसमा प्रमुखबाट निर्णय भएअनुसार व्यवसाय करको दर निर्धारण गरिने छ ।
६. रिटेलर व्यापरीको व्यवसाय कर अनुसूची ४ अनुसार दर निर्धारण गरिने छ ।
७ .आर्थिक वर्ष २०७९।०८० लाई आधार मानेर व्यवसाय करको आधार वर्ष मानिने छ । साथै एकल महिलाहरुको जिल्ला नेटवर्कलाई निशुल्क रुपमा अभिलेखिकरण गरिनेछ ।

८ . आर्थिक वर्ष २०८३/०८४ मा व्यवसाय दर्ता नवीकरण गर्नुपर्ने व्यवसायीहरूले आर्थिक वर्ष प्रारम्भ भएको मितिले **तीन (३) महिनाभित्र** व्यवसाय नवीकरण गरेमा प्रचलित दरअनुसार लाग्ने नवीकरण दस्तुरमा **१५ (पन्ध्र) प्रतिशत छुट** प्रदान गरिनेछ।

९ .  हालसम्म अभिलेखीकरण तथा नवीकरण प्रक्रियामा नआएका व्यवसायले आर्थिक वर्ष २०८३/०८४ को प्रारम्भ भएको मितिले तीन (३) महिनाभित्र अभिलेखीकरण तथा नवीकरण गरेमा एकपटकका लागि आधार वर्ष २०७९/८० मानि पछिल्ला दुई (२) आर्थिक वर्षको नवीकरण दस्तुर  र दण्ड जरिवाना छुट सहित गरि बाँकी वर्षहरुको पनि दण्ड जरिवाना छुट गरी नवीकरण दस्तुर भने प्रचलित कानूनबमोजिम अनिवार्य रूपमा बुझाउनुपर्नेछ ।

## अनुसूचि ६
## (दफा ५ संग सम्बन्धित)
## सामुदायिक बन, जडीबुटी,कवाडी एंव जीवजन्तु निकासी शुल्क

| क्र सं | विवरण | निकासी शुल्क |
|---|---|---|
| १ | खोटो प्रति के जी | २ |
| २ | जडिबुटी रोयल्टी प्रति के जि | २ |
| ३ | काठ दाउरा र झरो साविकै दरहरुमा लिने क्युफिट | १ |
|  | काठ प्रति क्युफिट | ३ |
| ४ | ढुंगा गिट्टी बालुवा ग्रावेल र रोडा प्रति क्युफिट | २ |
| ५ | लोक्ता प्रति केजी | २ |
| ६ | बास प्रतिपिस | २ |
| ७ | थारा भैसी, राँगा निकासी (प्रतिगोटा) | ५०० |
| ८ | खसी, बोका, भेडा, च्याङ्गा निकासी (प्रति गोटा) | ५० |
| ९ | कानुन प्रतिवन्ध नगरेका अन्य पशु जन्य सम्पत्ति निकासा प्रति गोटा | ५० |
| १० | स्लेट ढुङगा प्रति गोटा | २ |
| ११ | विच्छाउने ढुङगा प्रति गोटा | २ |
| १२ | माटो प्रति घन मिटर | २ |
| १३ | ठेकि दुनेरा तथा अन्य प्रति गोटा | ५० |
| १४ | खरिढुङगा प्रति के जी | ५ |
| १५ | कवाडी कर वाफत प्रति के जि |  |
| क | खाली सि सि प्रति वोतल | ०.३० |
| ख | प्लास्टिक प्रति के जि | १ |
| ग | तेलको टिन प्रति के जि | ०.५० |
| घ | पुराना कागज प्रति के जि | १ |
| ङ | धातुका कवाडी सामान फलाम प्रति के जि | २ |
| च | धातुका कवाडी सामान पीत्तल,तामा प्रति के जि | ८ |
| छ | पोलिथिन पाईपका टुक्राहरु | १ |
| ज | जस्ता पाता | ११ |
| झ | उनको टुक्रा | ०.५ |
| ञ | पुरानो ब्याट्री तथा लिडको धुलो | ८ |
| ट | गारमेन्ट कपडाको टुक्रा | ०.५ |

| | | |
|---|---|---|
| ठ | जलेको मोविल | १ |
| ड | कार्पेटका टुक्रा तथा टायर ट्र्युव | १ |
| ढ | थोत्रो टीन प्रति के जि | १ |
| ण | पुरानो ड्रम | २ |
| १६ | वन पैदावारको बिक्री तथा उयोग बापत प्राप्त हुने रकमको बार्षिक १० प्रतिशत | |

## अनुसूचि ७
## (दफा ६ संग सम्बन्धित)
## सवारी कर

| क्र सं | विवरण | शुल्क |
|---|---|---|
| १ | ई रिक्सा दर्ता तथा अनुमति | १००० |
| २ | ई रिक्सा दर्ता तथा अनुमति | ५०० |
| ४ | नामसारी,ठाउँसारी तथा संशोधन | १००० |
| ५ | नविकरण | ३००० |
| ६ | अन्य निकायमा दर्ता भएकाको हकमा दर्ता अभिलेखिकरण | २५०० |

## अनुसूचि ८
## (दफा ७ संग सम्बन्धित)
## विज्ञापन कर

| क्र सं | विवरण | शुल्क |
|---|---|---|
| १ | होडिङबोर्ड,सडकबोर्ड प्रति वर्ग फिट (१० वर्ग फिट सम्म) | २५ |
| २ | होडिङबोर्ड,सडकबोर्ड प्रति वर्ग फिट (२० वर्ग फिट सम्म) | ३५ |
| ३ | होडिङबोर्ड,सडकबोर्ड प्रति वर्ग फिट (३० वर्ग फिट सम्म) | ४० |
| ४ | होडिङबोर्ड,सडकबोर्ड प्रति वर्ग फिट (३१ वर्ग फिट भन्दा माथि) | ५० |
| ५ | भित्ते लेखन प्रति वर्ग फिट | २० |
| ६ | फ्ल्याक्स व्यानरमा (१० वर्ग फिट सम्म) | ८०० |
| ७ | फ्ल्याक्स व्यानरमा (१० वर्ग फिट भन्दा माथि) | १२५० |
| ८ | सडक वारपार गरी लगाईएका व्यानर प्रति दिन रु ४० उक्त व्यानर बढीमा ७ दिनका लागि मात्र लगाउन पाईनेछ। | |
| ९ | बजारमा माईकिङ गरेमा प्रति घण्टा | ५० |
| १० | नेपाल सरकार तथा जनचेतनामुलक माइकिङमा विज्ञापन कर लाग्ने छैन | |

## अनुसूचि ९
## (दफा ८ संग सम्बन्धित)
## मनोरञ्जन कर

| क्र सं | विवरण | निकासी शुल्क |
|---|---|---|
| १ | सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल,मेला महोत्सब र खेलकुद प्रतियोगिता | प्रवेश शुल्कको २ प्रतिशत |

| | | |
|---|---|---|
| | प्रति टिकट | |
| २ | जादू, सर्कस, चटक | दैनिक रु.१०० |
| ३ | घुम्ती व्यवसायिक फोटो ग्राफर (क्यामरा/ड्रोन) | १००० |
| ५ | खेलकुद तथा मनोरञ्जन व्यवसाय वार्षिक | ५००० |
| ६ | नगरपालिकाद्धारा संचालित ब्याडमिन्टन कोर्ट शुल्क | |
| | १.दैनिक प्रतिव्यक्ति कोट फी रु | १०० |
| | २. मासिक सदस्यता शुल्क प्रति व्यक्ति रु | १२०० |
| | ३. सदस्यता तथा नविकरण शुल्क वार्षिक रु | ५०० |

**अनुसूची १०**
**(दफा ९ संग सम्वन्धित)**
**बहाल बिटौरी शुल्कः**

| **सि.नं.** | **विवरण** | **इकाई** | **कर दर रु.** |
|---|---|---|---|
| १ | नगरपालिका मुख्य राजमार्गका बजार क्षेत्र तथा मार्तडी बजारका सार्वजिनक क्षेत्र | | |
| क | हाट बजार | प्रति दिन प्रति स्टल | १०० |
| ख | नदिजन्य पदार्थ उत्पादन। सकलन सम्बन्धी उद्योग | प्रति रोपनी | १०००० |
| ग | कृषि तथा कृषि जन्य व्यवसाय | प्रति रोपनी | १५०० |
| घ | स्थाइ संरचना बनेको हकमा | प्रति बर्ग फिट | १० |
| ङ | अस्थाइ संरचना र संरचनाको कम्पाण्ड भित्रको जग्गा | प्रति बर्ग फिट | ५ |
| २ | पालिकाको रेखदेखमा रहेको सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएको | | |
| क | हाट बजार | प्रति दिन प्रति स्टल | ५० |
| | कृषिहाट बजारको सटरको भाडा | प्रति महिना प्रति सटर | ३००० |
| ख | नदिजन्य पदार्थ उत्पादन। सकलन सम्बन्धी उद्योग | प्रति रोपनी | १०००० |
| ग | कृषि तथा कृषि जन्य व्यवसाय | प्रति रोपनी | १००० |
| **घ** | स्थाइ संरचना बनेको हकमा | प्रति बर्ग फिट | ५ |
| **ङ** | अस्थाइ संरचना र संरचनाको कम्पाण्ड भित्रको जग्गा | प्रति बर्ग फिट | ३ |
| **३** | **भवन** | | |
| **क** | पक्की | प्रति बर्ग फिट | ५० |
| **ख** | कच्ची | प्रति बर्ग फिट | ३० |

**अनुसूची ११**
**(दफा १० संग सम्वन्धित)**
**पार्किङ शुल्क**

| **सि.नं.** | **विवरण** | **प्रति घण्टा रु.** | **पार्किङ्ग प्रति दिन** |
|---|---|---|---|
| १ | तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने | | |
| क | बस, मिनीबस | ३० | २०० |
| ख | ट्रक, ट्याक्टर | २० | १०० |
| ग | जीप, कार, भ्यान | २० | १५० |

| | | | |
|---|---|---|---|
| घ | मोटरसाईकल स्कुटर | १० | ५० |

| **अनुसूची १२<br>(दफा ११ संग सम्वन्धित)<br>पर्यटन शुल्क** | | | |
|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **इकाई** | **शुल्क** |
| २ | सार्क राष्ट्रका  नागरीक | प्रति व्यक्ती प्रतिदिन | १०० |
| ३ | सार्क राष्ट्र बाहेकका नागरीक | प्रति व्यक्ती प्रतिदिन | ५० |

**अनुसूची १३**

**(दफा १२ संग सम्वन्धित)**

**फोहोरमैला तथा सरसफाइ व्यवस्थापन शुल्क**

| सि.नं. | विवरण | कर दर रु. |
|---|---|---|
| १ | संस्थागत मासिक | ५०० |
| २ | सरकारी कार्यालय प्रति महिना | १००० |
| ३ | आवासिय होटल तथा रेष्टुरेन्ट मासिक शुल्क | ५०० |
| ४ | जिल्ला अस्पतालको मासिक शुल्क | २००० |
| ५ | तरकारी पसल तथा होटलहरुबाट मासिक शुल्क | ३०० |
| ६ | मेडिकल तथा अन्य स्वास्थ्य संस्थाहरुबाट मासिक शुल्क | ५०० |
| ३ | अन्य पसल मासिक | १०० |
| ४ | सडकको पहुँच भएका प्रति घरधुरी मासिक | ५० |
| ५ | सडक भन्दा टाढा रहेका आफैले बोकेर टिफ्फरसम्म पुगाउने घरधुरी मासिक | ५० |

## अनुसूची १४
### (दफा १३ संग सम्वन्धित)
### सेवा शुल्क तथा दस्तुर

| सि.नं. | विवरण | शुल्क तथा दस्तुर रु. |
|---|---|---|
| | ब्यक्तिगत सिफारिस | |
| १ | नाता प्रमाणित / संगोल प्रमाणित | १०० |
| २ | जन्म मिति प्रमाणित | ५० |
| ३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | ५० |
| ४ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | ५० |
| ५ | घर पाताल प्रमाणित | ५० |
| ६ | व्यक्तिगत विवरण प्रमाणित | ५० |
| ७ | जिवितसँगको नाता प्रमणित | ५० |
| ८ | हकवाला वाहकदार प्रमाणित | ५० |
| ९ | संरक्षक प्रमाणित गर्ने, तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | ५० |
| १० | कागज र मन्जुरी नामा प्रमाणित | १०० |
| ११ | जग्गा मुल्याङ्कन सिफारिस प्रमाणित प्रति वर्ग मिटर | १ |
| १२ | घर जग्गा नामसारी सिफारिस | ५०० |
| १३ | आर्थिक कमजोर प्रमाणित | ० |
| १४ | आर्थिक अवस्था सम्पन्नता प्रमाणित रकमको प्रतिशतमा | ०.००५ |
| १५ | वहाल करको लेखाजोखा सिफारिस | १०० |
| १६ | मोहि लगत कट्टाको सिफारिस | १०० |
| १७ | घर जग्गा करको लेखा जोखा सिफारिस | १०० |
| १८ | व्यापार व्यवसाय बन्द संचालन वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस | ५० |
| १९ | मिला पत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | ५० |
| २० | निशुल्क बास शुल्क स्वास्थ्य उपचारको सिफारिस | ० |
| २१ | पुर्जामा घर कायम रहेको सिफारिस | १०० |
| २२ | फरक फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | ५० |
| २३ | नाम, थर वा जन्म मिति सैशोधन सिफारिस | ५० |
| २४ | जग्गा धनी पुर्जा हराएको सिफारिस | ५० |
| २५ | जग्गा खरिद विक्रीका लागि गरिने सिफारिस | |
| | १० लाख तलको | रु २००० |
| | १० लाख माथी ५० लाख सम्म | रु ५००० |
| | मुल्याङ्कन  सो भन्दा माथीको | रु १०००० |

| | | |
|---|---|---|
| २६ | अंश बन्डा सिफारिस | १०० |
| २७ | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० |
| २८ | मृतक संगको नाता प्रमाणित तथा सर्जिमिल सिफारिस | २५० |
| २९ | उद्योगत ठाउँसारी गर्ने सिफारिस | १००० |
| ३० | जिवित रहेको सिफारिस | १५० |
| ३१ | संस्थागत विद्यालय खोल्ने सिफारिस | ५००० |
| ३२ | संस्थागत विद्यालयको कक्षा थप गर्ने सिफारिस | ५००० |
| ३३ | संस्थागत विद्यालय ठाउँसारी सिफारिस | ५००० |
| ३४ | पालनपोषणको लागि सिफारिस | निशुल्क |
| ३५ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १०० |
| ३६ | (१)धारा तथा विद्युत जडानको सिफारिस | १०० |
| | (२)३ फेज लाइन | १००० |
| ३७ | कोठा खोल्ने रोहवरमा बस्ने | १०० |
| ३८ | प्रचलित कानुन अनुसार प्रत्यायोजित अधिकार बमोजमको अन्य सिफारिस वा प्रमाणित | ५०० |
| ३९ | खाता खोल्ने तथा बन्द गर्ने सिफारिस | १०० |
| ४० | **चार किल्ला प्रमाणित** | |
| | (मार्तडी बजार क्षेत्रमा १ कित्ताको | रु ५०० |
| | बजार क्षेत्र बाहिर १ कित्ताको | रु १००, |
| | बजार क्षेत्रमा दुई वा सो भन्दा माथी | रु १००० |
| | बजार क्षेत्र बाहिर २ कित्ता भन्दा बढी भएमा | रु ५०० |
| ४१ | नागरिकता तथा नागरिकताको प्रतिलिपि सिफारिस | ५० |
| ४२ | पारिश्रमिक आय प्रमाणित प्रति सिफारिस | ५० |
| ४३ | मदिराको सर्जमिन गर्दा | ५०० |
| **४४** | **व्यवसाय/उद्योग दर्ता सिफारिस** | |
| | साना ५ लाख सम्म | ५०० |
| | मझौला ५ लाख देखि २० लाख सम्म | १००० |
| | ठूला २० लाख भन्दा माथी | २००० |
| ४५ | व्यक्तिगत घटना दर्ता दस्तुर (३५ दिन सम्म निशुल्क त्यसपछि मात्र) | २०० |
| ४६ | घटना दर्ता प्रतिलिपी | ५०० |
| ४७ | घर नक्शा नामसारी | ५०० |
| ४८ | घर निर्माण सम्पन्न सिफारिस | १००० |
| ४८ | पिछडीएको क्षेत्र र जाती सिफारिस | ५० |
| ४९ | नावालक सिफारिस | ५० |
| ५० | बसोवास सिफारिस | ५० |

| | | |
|---|---|---|
| ५१ | नक्कल सिफारिस | ५० |
| ५२ | व्यवसाय संचालन भैरहेको सिफारिस | २०० |
| ५३ | बाटो कायम सिफारिस | ५०० |
| ५४ | वडा मुचुल्का दस्तुर | १०० |
| ५५ | नगरपालिकाको योजना सिफारिस रु ५०० र अन्य कार्यालयका लागि रु १००० योजना सम्झौतामा मा प्रदेश योजना २५०० र संघीय सरकारको योजनामा ३००० लाग्ने छ । | |
| ५६ | घर नक्शा पास दस्तुर | |
| क | नक्सा पास निवेदन फारम खरिद (किताव) | १००० |
| ख | भूईतला प्रतिवर्ग फिट रु | ४ |
| ग | पहिलो तला प्रति वर्ग फिट रु | ४ |
| घ | त्यस भन्दा माथीको तलका लागि प्रतिवर्ग फिट रु | ४ |
| ङ | पर्खाल निर्माण अनुमती प्रतिवर्ग रु | ४ |
| ५७ | घर निर्माण इजाजत प्रमाण पत्र | ५०० |
| ५८ | घर निर्माण सम्पन्न प्रमाण पत्र | १००० |
| ५९ | अस्थायी टहरा निर्माण अनुमती | २०० |
| ६० | घर अभिलेखिकरण शुल्क : व्यापारिक प्रयोजनको लागि | २००० |
| ६१ | घर अभिलेखिकरण शुल्क : निजी प्रयोजनको लागि | १००० |
| ६२ | घर अभिलेखिकरण प्रति वर्ग मिटर | १२ |
| ६३ | संघसस्था नविकरण सिफारिस | ५०० |
| ६४ | नया दर्ता सिफारिस | ५०० |
| ६५ | नगरपालिकाको सभाहल प्रयोग प्रति दिन ग्राउण्ड फ्लोर | २५०० |
| ६६ | नगरपालिकाको बैठक कक्षा प्रयोग प्रति दिन पहिलो तला | १५०० |
| ६७ | नगरपालिकाको सभाहल प्रयोग प्रति दिन टप फ्लोर | ५००० |
| ६८ | टोटल स्टेसन १ दिनका लागि ३००० थप दिनका लागि प्रति दिन रु ५०० | |
| ६९ | नगरपालिकाको प्रोक्जेक्टर प्रति दिन हल भन्दा बाहिर प्रयोगका लागि मात्र | १००० |
| ७० | वडा नं.८ र ९ को हल प्रयोग गरे वापत | १००० |
| ७१ | वडा नं ८ र ९ को हल प्रयोग वडा नं १,२,३,४,५,६र ७ को हल प्रयोग गर वाफत प्रतिदिन | ५०० |
| ७२ | अटो रिक्सा नामसारी तथा ठाउँसारी शुल्क | ५०० |
| ७३ | स्थानीय पूर्वाधार सेवा शुल्क (सडक) | १००० |
| ७४ | आधारभुत/प्राथमिक विद्ययालय अनुमति | २००० |
| ७५ | नि.मा.वि. विद्ययालय अनुमति | ३००० |
| ७६ | मा.वि. विद्ययालय अनुमति | ४००० |
| ७७ | उच्च मा.वि. विद्ययालय अनुमति | ५००० |

| | | |
|---|---|---|
| ७८ | प्राविधिक विद्ययालय अनुमति | ५००० |
| ७९ | प्रमाण पत्र प्रतिलिपी उतार | ५०० |
| ८० | तलब भत्ता प्रमाणित सिफारिस | ५०० |
| ८१ | सामुदायिक विद्यालय पढेको सिफारिस | १०० |
| ८२ | तमसुक र भरपाई १० लाख सम्म | २०० |
| ८३ | तमसुक र भरपाई ५० लाख सम्म | ५०० |
| ८४ | तमसुक र भरपाई १ करोड सम्म | १५०० |
| ८५ | बैदेशिक प्रयोजनका लागि | |
| क | नाता प्रमाणित | ५०० |
| ख | सिफारिस दस्तुर | ५०० |
| ग | सम्पत्ति मुल्यांकन वाफत | ०.१० प्रतिशत |
| घ | आयस्रोत प्रमाणित बाफत | ०.०५ प्रतिशत |
| ङ | विवाहित प्रमाणित | ५०० |
| च | अविवाहित प्रमाणित | ५०० |
| ८५.१ | व्यवसाय सुचिकृत | |
| | यस नगरपालिकामा अभिलेखिकरण तथा दर्ता भएका बाहेकका व्यवसायका लागि | १००० |
| ८६ | नगरपालिका क्षेत्र भित्र नेपाल टेलिकमले केवल तार तान्ने प्रति खम्बा रु १० र केवल तार प्रति मिटर मासिक ०.१० पैसा भाडा लिने | |
| ८७ | नगरपालिका क्षेत्र भित्र विद्युत प्राधिकरणबाट गाडिएको खम्बा बार्षिक रु १५ र केवल तार प्रति मिटर मासिक ०.३० पैसा भाडा लिने | |
| ८८ | व्यवसाय प्रमाणपत्र प्रतिलिपि | ५०० |
| ८९ | व्यवसाय ठाउँसारी तथा नामसारी | १००० |
| ९० | माथि उल्लेखित नभएका विविध व्यवसाय | १००० |
| ९१ | व्यवसायको नाम उच्याउने तथा परिवर्तन | ५०० |
| ९२ | कसैको कामका लागि JCB भाडामा लगेमा तेल तथा ड्राइभरको अन्य खर्च सम्बन्धित व्यक्तिले व्यहोर्ने गरी कार्यालयबाट छुटेको समयबाट प्रति घण्टा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने योजनाको हकमा रु १८०० र नगरपालिका क्षेत्र बाहिर लिनुपर्नेको हकमा रु२२००। दरले लिने | |
| ९३ | नगरपालिका क्षेत्रमा सार्वजनिक स्थानमा कुनै कसैले निर्माण सामाग्री थुपार्न स्वीकृती लिन आएमा प्रति हप्ता प्रति वर्ग फिट रु ५ का दरले दस्तुर लिई राख्न स्वीकृती दिने तर कुनै कसैले विना अनुमति निर्माण सामाग्री सार्वजनिक स्थानमा थुपारेको फेला पारेमा नगरपालिकाले उक्त सामान उठाई सोझै जफत गर्ने छ। | |
| | लेनदेन मुचुल्का प्रमाणित ५० हजार भन्दा माथी | ५०० |
| ९४ | नगरपालिकाले कसैको रकम असुल गरिदिएमा प्रति हजार रु २ का दरले सेवा शुल्क लिने | |

| | | |
|---|---|---|
| ९५ | कुनै पनि व्यवसायीले घर जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गरेको हकमा नविकरण गर्न आउँदा १० प्रतिशत वहाल कर अनिवार्य रुपमा बुझाउनु पर्नेछ । | |
| ९६ | नगरपालिका क्षेत्र भित्र सडक आवागमन वाधा पारी राखेका खोका,ठेला र खाट जस्ता सामानहरु नगरपालिकाले हटाउन आदेश दिनुपर्नेछ र सो आदेशको उलंघन गरी नहटाएमा सो सामानहरु नगरपालिकाले उठाई ल्याएमा त्यस्ता सामान खोकाका लागि १५ दिन भित्र उठाई लगेमा रु ५००,ठेलाको लागि एकमुष्ठ रु ५०० र अन्य सामानको लागि १५ दिन सम्मका लागि सो समानले उपभोग गरेको जमिन प्रति वर्गफिट रु ५ का दरले रकम बुझाई सम्बन्धित मालधनिले सामान बुझ्न सक्नेछ । तर १५ दिनभित्र सामान उठाई नलगेमा नगरपालिकाले लिलाम विक्रि गर्न सक्नेछ । | |
| ९७ | सडक सञ्चालनमा वाधा नपुग्ने गरी सडकमा व्यापार गर्नेलाई सामाग्रिको मुल्य र परिणाम हेरी प्रति दिन रु १०० देखि ५००० सम्म दस्तुर तोकि अनुमति दिनसकिनेछ । | |
| ९९ | एम्बुलेन्स भाडा | |
| | | |
| ९९.१ | मार्तडी देखि बयालपाटा | ४५०० |
| ९९.३ | मार्तडी देखि डडेल्धुरा | ९००० |
| ९९.४ | मार्तडी देखि धनगढी | १६००० |
| ९९.५ | मार्तडी देखि नेपालगञ्ज | २२००० |
| ९९.६ | मार्तडी देखि चितवन | ३३५०० |
| ९९.७ | मार्तडी देखि काठमाडौं | ४२५०० |
| ९९.८ | मार्तडी देखि धुलाचौर | ८५०० |
| ९९.९ | मार्तडी देखि पिलुचौर | ७५०० |
| ९९.१० | मार्तडी देखि कोल्टि | ६५०० |
| ९९.११ | मार्तडी देखि पाण्डुसैन | ५००० |
| ९९.१२ | मार्तडी देखि गौमुल | २८०० |
| ९९.१३ | मार्तडी देखि टाँटे बुढीगंगा | २५०० |
| ९९.१४ | मार्तडी देखि डोगडी | ५००० |
| ९९.१५ | मार्तडी देखि आटीचौर | ३५०० |
| ९९.१६ | मार्तडी देखि तोली | ३००० |
| ९९.१७ | माथि उल्लेखित एम्बुलेन्सको भाडामा कार्यापालिकाको निर्णयका आधारमा आर्थिक विपन्न, दलित, एक महिला ५० प्रतिशत छुट | |
| १०० | नगरपालिकामा कर्मचारी पदपुर्तिका लागि दरखास्त आवेदन शुल्क | |
| १००.१ | अधिकृत स्तरको लागि | १२०० |
| १००.२ | सहायक स्तरको लागि | ५०० |
| १००.३ | श्रेणी विहिन कर्मचारीको लागी | ३०० |
| १०६ | टिप्पर भाडा किलोमिटर अनुसार इन्धन बाहेक(कार्यलयबाट छुटे देखि कार्यलयमा पुगुन्जेल सम्म ) | २५ |

**अनुसुची- १५**
**दफा (१८) को उपदफा (१) सँग सम्बन्धित**
**दण्ड जरिवानाको दर**

| क्र.सं. | विवरण | इकाई | करको दर रु. |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्र तोकिएको स्थान बाहेक अन्यत्र जथाभावी फोहर गरेमा, राखेमा वा फालेमा र जथाभावी पार्किङ्ग गरेमा | | पहिलो पटक रु २००/-, त्यसपछि हरेक पटक दोब्बर |
| २ | नगरपालिका क्षेत्रबाट अवैध वा मापदण्ड विपरित ढुंगा,गिटी,बालुवा,स्लेट,लगायतका पदार्थहरु उत्खनन् गरेमा (स्काभेटर) | प्रति स्काभेटर | रु १०,०००/- देखि रु २०,०००/- सम्म |
| ३ | नगरपालिका क्षेत्रको नदी खोल्साबाट अवैध रुपमा ढुंगा,गिटी,बालुवा स्लेट, लगायतका पदार्थहरु ढुवानी गरेमा ( ट्रक,ट्रिपर,निसान) | प्रति गाडी | रु. ५,०००/- देखि रु.२०,०००/- सम्म |
| ४ | नगरपालिका क्षेत्रबाट अवैध रुपमा काठ, दाउरा तथा काठजन्य वस्तु कटान गरी निकासा गरेमा | प्रति गाडी | निकासा भएको परिमाण जफत गरी प्रति सवारी रु.३,०००/- लिई सम्बन्धित निकायमा कानुन बमोजिम बुझाउने |
| ५ | निमार्ण सामाग्री लगायतका व्यापारिक सामानहरु राखी सडक अवरोध गरेमा | | पहिलो पटक रु. ५००/-,त्यसपछि हरेक पटक दोब्बर |
| ६ | दर्ता तथा नविकरण नगरी व्यवसाय/ उद्योग संचालन गरेमा | | प्रत्येक वर्षमा १० % जरिवाना लग्नेछ। |
| ७ | नगरपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | | नगर कार्यपालिकाले निर्णय गरे बमोजिम ५०० देखि रु.१५,०००/- सम्म |
| ८ | मदिरा विक्री वितरण कार्यविधिमा उल्लेखित शर्तको पालना नगरेमा हुने सजाय | | पहिलो पटक ५०००।– र त्यसपछि प्रति पटक १००० थप हुदै जाने साथै सार्वजनिक पद धारण गरेकाको हकमा माथि तोकिएको जरिवानको दोब्बर हुने। |
| ९ | माथि उल्लेखित नभएका अन्यको हकमा | | रू ५००।- |

नोटः माथि (अनुसूची-१४) उल्लिखित क्षेत्रमा नगरपालिकाले निषेध गरेका कार्य गरेको फेला पारी त्यस्तो कार्य गर्ने फर्म / कम्पनी/ व्यक्ति/ संस्थालाई यस कार्यालयमा बुझाउन सहयोग गरेमा नगरपालिकाको आर्थिक ऐन बमोजिम दण्ड जरिवाना बाफत प्राप्त हुन आएको राजस्व रकमको ५०% रकम सम्बन्धित सुरक्षा निकाय तथा व्यक्तिलाई प्रोत्साहन स्वरुप प्रदान गरिने छ।